# सप्तरीको चन्द्रभागा र कान्छा खोरीयाको भग्नावशेषहरू

–साफल्य अमात्य

महेन्द्र राजमार्गको बाटो गरी लहान (सिराहा) बाट करिब तीस किलो मिटर पूर्व सप्तरीको शंभुनाथ पञ्चायत अन्तर्गत पर्ने कनकपट्टी गाउँबाट करिब ४ किलो मिटर उत्तर–पश्चिम चुरे पहाड चन्द्रभागा भगवती र कान्छाखोरीया (गढी) को भग्नावशेषहरू छन् (१) (फलक १)। उदयपुरको सदर मुकाम गाइघाटबाट यी स्थलहरू करिब पन्ध्र–सोह्र किलो मिटर दक्षिण–पूर्वमा पर्दछ। त्रिजुगानदीको एउटा सानो हाँगा स्वरूप बगेको सप्तरीको खाडो खोलाको ठीक उत्तर–पश्चिम पर्ने यी प्राचीन स्थलहरूबारे धेरै कुराहरू आजसम्म पनि खोजको विषय भइरहेका छन्।

प्रचलित लोक परंपरा अनुसार यस क्षेत्रमा पन्ध्रौं शताब्दिमा चन्द्रकेतु नामका राजा भएको विश्वास गरिन्छ। यिनै राजाले वर्तमान सप्तरी जिल्लाको उत्तर–पूर्वमा राजमार्ग नजिकै पर्ने धर्मपुर गाउँदेखि करिब पाँच किलो मिटर उत्तरमा पर्ने चुरे पर्वतमाथि उनका कुलदेवी चन्द्रभागा भगवतीको स्थापना गरेका थिए भन्ने विश्वास गरिन्छ (२)। आजसम्म प्राप्त मकवानपुरका सेनराजाहरूका वंशावलीहरूमा चन्द्रकेतु नाम गरेका कुनै पनि सेन राजा भएको देखिदैन। तर चितौड सेन वंशावलीमा (३) चुडाराज सेनबाट सेन वंश शुरू गरी सत्ताइसौं वंशजका चन्द्रसेन नामक एक सेन राजाको नाम उल्लेख गरेको छ र मुकुन्दसेन (प्रथम) लाई चन्द्रसेनको उत्तराधिकारी गरी देखाएको छ। यदि मुकुन्दसेन (प्रथम)का पिता वा पूर्वज चन्द्रसेन नै उक्त लोक कथाको चन्द्रकेतु राजा हो भनी अनुमान गर्ने हो भने सेनहरू नेपालको पूर्व तराई (मकवानपुर वा विजयपुर) बाट नै नेपाल भित्र पसेका थिए भन्ने तथ्य साबित हुन्छ (४)।

नेपालको भूभागमा सेन वंशको संस्थापक मुकुन्दसेन (प्रथम)ले ईशाको पन्ध्रौं शताब्दिको अन्त्य र सोह्रौं शताब्दिको शुरूसम्म (A.D. 1482–A.D. 1520 मा) विशाल पाल्पाली राज्य खडा गरिसकेका थिए (५)। उनको

---


१ सप्तरीको सदरमुकाम राजविराजदेखि करिब ६ किलोमिटर उत्तर एक प्राचीन किल्लाको भग्नावशेष छ। हेर्नुस्—श्री ५ को सरकार, सूचना विभाग, **मेची देखि महाकाली** भाग १, काठमाडौं, २०३१ साल, पेज ८८२

२ श्री ५ को सरकार, सूचना विभाग, नं. १

३ शङ्करमान राजवंशी, सम्पादक, **सेन वंशावली**, वीर पुस्तकालय, काठमाडौं २०२०, पेज ३४—४०.

४ विस्तृत जानकारीको लागि हेर्नुस्—साफल्य अमात्य, मकवानपुरका केही पुरातात्विक उपलब्धि **प्राचीन नेपाल**, (श्री ५ को सरकार, पुरातत्व विभागको मुखपत्र) संख्या १४, माघ २०२७, पेज ३७—३८.

५ मुकुन्दसेनको राज्यकाल बारे विभिन्न मतहरू छन्। हेर्नुस्—साफल्य अमात्य, नं. ४ पेज ३६–३७.


सप्तरी जिल्लाको कान्छाखोरीया गढी र अद्ध सेनकालिन
ऐतिहासिक स्थलहरूको नक्सा
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सिराहा
सप्तरी
जनकपुर
लाहान
कनकपुरी
कान्छाखोरीया गढी
उदयपुर गढी
किलोमिटर
स्केल १:५०००००

राज्य सिमाना बारे पनि धेरै विवादहरू छन् (६)। तर, जे होस् उनको मृत्यु पछि (वि.सं. १६१० मा उनको मृत्यु भयो) उनका चार छोराहरू जेठा माणिक्यसेन, माहिला भृगीसेन, साहिला विनायकसेन, कान्छा लोहाङ्ग सेनले विशाल सेन राज्य (पश्चिममा गण्डकीदेखि पूर्वमा तिस्तासम्म र तराईको विशाल भाग) आपसमा बाँडी लिएको देखिन्छ (७)।

यस अनुसार सबभन्दा कान्छा छोरा लोहाङ्ग-सेनले आफैंले विजय गरेका राज्यहरू मकवानपुरदेखि पूर्व कोशी क्षेत्र र सम्पूर्ण पूर्वी तराई समेत पाए। यो राज्य अत्यन्तै ठूलो थियो। यो राज्य पछि गएर मकवान-पुर र चौदण्डी दुई राज्यहरूमा टुक्रियो (८)।

लोहाङ्गसेन पछि उनका जेठा छोरा राधवसेन मोरङ्ग र छिमेकी प्रदेशका राजा भए। राधवसेन पछि उनका छोरा हरिहरसेन राजा भए। हरिहरसेनका छोरा-हरूमा राज्यको निमित्त झगडा भयो। आफ्नो जेठा छोरा महाकुमारसेनसंग मनमुटाव भए पछि हरिहरसेनले आफ्नो राज्य मध्ये कोशीदेखि पश्चिमको भाग कान्छा छोरा शुभसेन र कोशी पूर्वको भाग नाति इन्दु-विधातसेनलाई बाँडी दिए (९)।

आफ्ना मन्त्रीहरूको छलकपटले गर्दा शुभसेन र इन्दुविधातसेन दुबैलाई पूर्णियाका नवाव इस्कन्दर खाँको हातमा कैदी हुनु पऱ्यो। नवावले मोरङ्गको ठूलो भू-भाग कब्जा गरे। शुभसेनका नायब प्रबोध दास शुभ-सेनका दुई छोरा महिपतिसेन (मान्धातासेन) र मानिक सेनलाई लिई किरात प्रदेशमा शरण पर्न गए। यिनै किरातहरूको मद्दतबाट र खास गरी किराती नेता विद्या-चन्द्र राईको मद्दतबाट यिनीहरूले आफ्नो पैतृक राज्य माथि फेरि कब्जा गर्न सफल भए। पछि महिपतिसेन र मानिकसेनले पैतृक राज्यलाई विभाजन गरी विजयपुर र मकवानपुरको राजा हुँदा विद्याचन्द्र राईको सहायता लिए वा लिएनन् भन्ने कुरामा र विजयपुर र मकवानपुर राज्यहरूको इलाका वारे इतिहासकारहरूको विभिन्न मत छ। यसरी शुभसेनको राज्य दुई छोराहरूमा बाँडिंदा मकवानपुर राज्य अन्तर्गत नै पहाड पट्टि सिन्धुलीका पौवा-गढीदेखि पूर्व अरूण कोशीसम्म रहेका सुनकोशीदेखि दक्षिण पट्टिको महाभारत क्षेत्रलाई छुट्टै चौदण्डी प्रशासन प्रदेश बनाइएको देखिन्छ (१०)। दुधकोशीदेखि अरूण कोशीसम्मको माझ किरात पनि चौदण्डी मै सम्मिलित थियो। हालको उदयपुरदेखि दक्षिण पट्टिको भाबँरमा नयाँ र जधानी चौदण्डी बनेको थियो (११)।

---

६ मातृकाप्रसाद कोइराला, 'मकवानपुरको सेन वंश,' **प्राचीन नेपाल**, संख्या ४, श्रावण २०२५, पेज १६

७ क) स्टिलर.एल,एफ, **पृथ्वी नारायण शाह इन द लाइट अफ 'दिव्य–उपदेश'** काठमाडौं १९६८, पेज १०–१४

ख) बालचन्द्र शर्मा, **नेपालको इतिहासको रूपरेखा,** बनारस, २००८ साल, पेज २०१

ग) कोही इतिहासकार भन्दछन् लोहाङ्गसेनले मुकुन्द-सेन जीवित छदैंमा आफूले शासन चलाइरहेको पूर्व तिरको प्रदेशको आफूलाई स्वतन्त्र राजा घोषणा गरे आदि। हेर्नुस्-प्रो० तोत्रराज, पं० नयराज, **नेपालको संक्षिप्त इतिहास** बनारस, २००४ साल पेज ७७

८ श्री ५ को सरकार, सूचना विभाग, नं. १

९ अरू जानकारीको लागि हेर्नुस्–[क] साकल्य अमात्य नं. ४ पेज ३९ [ख] तोत्रराज, नयराज, नं. ७ [ग], पेज ७७

१० अरू विस्तृत जानकारीको लागि हेर्नुस्–[क] श्री ५ को सरकार, सूचना विभाग, नं. १, पेज ७६८–६९ ख) बाबुराम आचार्य, **श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको** संक्षिप्त जीवनी, काठमाडौं, २०२५, पृष्ठ ६०१–२

११ श्री ५ को सरकार, सूचना विभाग, नं. १ पेज ७६९

शुभसेनका दुई छोराहरू मध्ये जेठा महिपतिसेनले कमलादेखि पूर्व पट्टि अर्थात् विजयपुर तिर वि.सं. १७७० मा कब्जा गरे। कान्छा छोरा मानिकसेनले मकवानपुरमा आफ्नो राज्य स्थापना गरे। मानिकसेनका चार छोराहरू मध्ये जेठा हेमकर्णसेन, माहिला जगतसेन, साँहिला जयमङ्गलसेन, र कान्छा विक्रमसेन थिए। मानिकसेन पछि हेमकर्णसेन मकवानपुरका राजा भए। पछि वि.सं. १७८४ तिर जगतसेन चौदण्डी राजा भए। जगतसेन चौदण्डीका राजा कसरी हुन पुगे भन्ने कुरामा इतिहासकारहरूको विभिन्न मत छ। एउटा भनाइ अनुसार जगतसेन शुरूदेखिनै हेमकर्णसेनका प्रतिनिधिको रूपमा चौदण्डी प्रदेशको प्रशासन चलाउँदथे (१२)। पछि हेमकर्णसेनका वनिया मन्त्री र किराती मन्त्रीहरूको मत नमिल्दा किराती मन्त्रीहरूले जगतसेनलाई चौदण्डी राजा बनाए (१३)। जे भए पनि सन् १८३५ मा मकवानपुरको राज्य विभाजित भै चौदण्डी राज्यमा हालको उदयपुर जिल्लाको साथै अम्बरपुरको तराई क्षेत्र (हालको सिराहा र सप्तरी) पनि सम्मिलित थियो। जगतसेन पछि यिनका उत्तराधिकारीहरूमा मुकुन्दसेन [तेस्रा] विक्रमसेन र कर्णसेन क्रमैसंग चौदण्डीका राजा भए (१४)। श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको राष्ट्रिय एकीकरण अभियानको बखत चौदण्डीका राजा कर्णसेन थिए। चौदण्डीको राज्य कब्जा गर्न बख्ती अभिमान सिंह बस्नेत र सरदार पारथ भण्डारीलाई पठाइएको थियो। श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको फौज आएको खबर पाई राजा कर्णसेन विजयपुर तर्फ भागे। त्यसैले चौदण्डीमा रहेका सेनाहरूले हार मानेर राजधानी छोडी दिए। यसरी सन् १७७३ जुलाई १६ का दिन चौदण्डीको सेन राज्य वृहत् नेपाल अधिराज्य भित्र गाभियो (१५)।

चन्द्रभागा [भगवती] र कान्छाखोरीया [गढी] का भग्नावशेषहरू प्राचीन सेनहरूका राजधानी उदयपुर र चौदण्डी गढीबाट करिब करिब उतिकै दूरीमा पर्दछ। कान्छाखोरीयामा इंटको पर्खालको किल्ला भित्र एउटा प्राचीन दरवारको भग्नावशेष देखिन्छ। उक्त प्राचीन सेनकालीन दरवारको वनौट र अरू विषयहरू बारे बढी जानकारीको लागि त्यस स्थलमा उत्खनन गर्न जरूरी छ। हाल सतहमाथि देखा परिरहेका पुरातात्विक सामग्रीहरूमा इँटाको पर्खालका भग्नभागहरू, इँटाको इनारको भग्न भागहरू र केही प्रस्थरका कलात्मक टुक्राटुक्रीहरू नै हुन्। इँटाको आकार २४ से.मी. लम्बाई १७ से.मी. चौडाई र ५ से.मी. मोटाई छ (फलक २)।

सेनहरूका धेरै जसो प्राचीन किल्लाहरू इँटाको नभई प्रस्थरका छन्, त्यसैले कान्छाखोरीयाको इँटाको गढीको आफ्नै विशेष महत्व छ। चुरे पहाडको एउटा सानो थुम्को माथि निर्मित यो किल्ला तथा दरवारबाट सजिलैसंग अम्बरपुरको तराई क्षेत्रमा पुग्न सकिन्छ। संभवत् यो चौदण्डीका सेनराजाहरूको शरदकालीन राजदरवार थिए। ह्यामिलटनको भनाइ अनुसार, लोहाङ्गसेनको राज्य भित्र खास गरी कमलानदीदेखि पूर्व खाँडो खोलासम्म धेरै गढीहरू थिए, जस मध्ये चुरे पहाडमा पनि एउटा गढीको उल्लेख गरेको छ। शायद उनले उल्लेख गरेको चुरीया गढी (१६) अथवा नरागढी मध्ये एक नै हालको कान्छाखोरीया गढी हुन सक्छ।

---

१२ क. बाबुराम आचार्य नं. १० ख,

ख श्री ५ को सरकार, सूचना विभाग, नं. १ पेज ७६९

१३ बालचन्द्र शर्मा, नं. ७ ख, पेज २०७—८


१४ चौदण्डीका सेन राजाहरूको वंशावली। हेर्नुस् अनुसूची १

चौदण्डीको विस्तृत ऐतिहासिक जानकारीको लागि हेर्नुस्, श्री ५ को सरकार, सूचना विभाग, नं. १, पेज ७६९-७७

१५ अरू जानकारीको लागि हेर्नुस्, श्री ५ को सरकार, सूचना विभाग, नं. १, पेज ७७१

१६ ह्यामिलटन, एफ, बी, **एन एकाउण्ट अफ द किंगडम अफ नेपाल**, न्यू दिल्ली, १९७१, पेज १६०–६१ र १६५

## अनुसूची-१


मुकुन्दसेन प्रथम
माणिक्यसेन (छोरा) (पाल्पा)
भृंगीसेन (छोरा) (तनहु)
विनायकसेन (छोरा) (बुटवल)
लोहाङ्गसेन (छोरा)
अनुपावती पत्नी (मकवानपुर)
रामसेन (भतिजा) (रिसिङ्ग)
चन्द्रसेन (नाती) (राजापुर)
राघवसेन (राघवनरेन्द्र)
दुर्गावती (पत्नी)
हरिहरसेन (इन्द्रसेन)
हरिहरसेनका पत्नीहरू
महिश्वरी
यशोदरा
शकुन्तला
महादेवी
जगतमाता
लक्ष्मीवती
छत्रपतिइन्द्र
पद्मावती
इन्द्रदेव
वासुदेवसेन
शुभसेन
अधिराजकुमारी
प्राणमती
राजमती
महापतिसेन (महिपतिसेन) विजयपुर
माणिक्यसेन (चौदण्डी)
हेमकर्णसेन (मकवानपुर)
जगतसेन (चौदण्डी)
जयमंगलसेन
विक्रमसेन
मुकुन्दसेन (तेस्रा)
विक्रमसेन
कर्णसेन

मातृका प्रसाद कोइरालाका भनाइ अनुसार पुरानो चतरा गढी हालको चतराभन्दा कोशी पारी पश्चिम दक्षिणमा थियो र मकवानी (सेन)हरूले प्रथम गद्दीनसीन भएकोले नै सो ठाउँको नाम पछि गढी भन्ने रहेको हो। मकवानी सेन राजाहरू आफ्नो प्रशस्तिमा श्री रूपनारा— णेत्यादि लेखी अरू विरुदावली लेख्ने गर्दथे। सो प्रशस्ति- को सम्बन्धमा यो पनि भनिन्छ। यसको सम्बन्ध सप्तरी- रूपनगरसंग छ, जो मकवानी सेनहरूको आदि राजधानी थियो। रूपनगर वरिपरी कन्चनपुर, खोजरदको गुफा (सुनिन्छ चुरे गुफा भित्र मूर्तिहरू छन्) आदिमा प्रशस्त पुरातात्विक सामग्रीहरू छन्। यसको खोजतलास र अन्वेषण हुनु जरूरी (१७)। उनको भनाइ अनुसार पुरानो चतरा सप्तरीको तराई क्षेत्रमा कतै हुनु पर्दछ। संभवत् कान्छा खोरियाको किल्ला र दरवार वरपर नै (हाल शंभू- नाथ पञ्चायत र धर्मपुर गाउँ नजिकै कतै सेनहरूको त्यो प्राचीन राजधानी रूपनगर हुन सक्छ (१८)।

कान्छा खोरियाको प्राचीन भग्नावशेषबाट करिब दुई किलोमिटर उत्तर पश्चिम अर्को एउटा चुरे पहाडको थुम्कोमा चन्द्रभागा भगवतीको मन्दिरको भग्नावशेष छ (फलक ३)। यो भग्न मन्दिरका धेरै प्रस्थरका कलात्मक भागहरू नजिकै बगिरहेको चन्द्रभागा नदीले बगाई टाढा, टाढा तराईको फाँटसम्म पुऱ्याएको देखिन्छ (फलक ४)। जाडोको मौसममा अन्वेषण टोली सो नदीको बाटो गरी उक्त स्थलसम्म पुग्दा बाटामा धेरै नै मन्दिरका प्रस्थरका भागहरू देखेका थिए (१९)। चन्द्रभागा भगवतीको नामले यो स्थल प्रसिद्ध भए तापनि हाल त्यहाँ कुनै भगवती वा देवी- की मूर्तिहरू भने देखा परेको छैन। त्यहाँ हाल देखा परि- रहेका मूर्तिहरूमा भैरवको मूर्ति (फलक ५) प्रस्थरका टुटे फुटेका खम्बाहरू, संभवत् सेन राजा र रानीको मूर्ति (फलक ६) र केही शिवलिङ्गहरू नै हुन्।

यहाँ कै केही प्रस्थर मूर्तिहरू मध्ये एकलाई हाल रूपनी बजारमा स्थापना गरेको छ। यो मूर्तिको अनुहार हात र खुट्टाका भागहरू भने नचिन्ने गरी बिग्री सकेको छ (फलक ७)। स्थानीय वासिन्दाहरू उक्त मूर्तिलाई हनुमानजी भनी पूजा गर्दछन्। तर शारीरिक बनावट हेर्दा यो मूर्ति कुनै नाची रहेको स्त्री मूर्ति जस्तै देखिन्छ। यसरी नै चन्द्रभागा भगवती स्थानमा रहेका अरू केही मूर्तिहरू कनकपट्टिका गाउँलेहरूले पनि संरक्षण गरिराखेको बुझिन्छ। यस मध्ये एउटा गणेशको मूर्ति पनि छ भनी भन्दछन्। तर पुरातत्व विभागको यो अन्वेषण टोलीले केही कारणवश उक्त मूर्ति हेर्ने अवसर पाएन।

शंभूनाथको ख्याती प्राप्त मन्दिर मोहनपुर र कन्चदाहा भन्ने गाउँहरूको बीचमा महेन्द्र राजमार्गबाट केही दक्षिण तर्फ पर्दछ। चुरे पहाडको फेदी तराईको फाँटमा अवस्थित यो मन्दिर गुम्वज (मुगल) शैलीमा बनेको छ। मन्दिर भित्र एउटा अष्टकोणाकारको खम्बाको टुकालाई शिवलिङ्गको रूपमा पुज्ने गरेको छ (फलक ८)। उक्त प्रस्थरको खम्बा करीब ५ फूट ५ इन्च लामो छ। मन्दिरको मुख्यद्वार पश्चिम र दक्षिण दिशा तर्फ फर्केको छ, जुन साधारणतया हुने गर्दैन। भनिन्छ, यो प्रस्थरको खम्बाकारको लिङ्ग चन्द्रभागा नर्द बाट यहाँ ल्याई स्थापना गरेका हुन्। मन्दिर माथि उकल्ने सिंढी संगै केही भग्न प्रस्थरका कलाकृतिहरू र मन्दिरका खम्बा, छाना, द्वार, तोरण, चदुवा आदिका टुकाटुक्रीहरू राखि- एका छन् जस मध्ये एक नारी मूर्ति (संभवतः मंगला गौरीको मूर्ति, सहितको तोरणका टुका र चतुर्भुज गणेश सहितको प्रस्थरको टुक्रा विशेष उल्लेखनीय छन्। साथै मन्दिरको गजुरको टुक्राटुक्री, प्राचीन ईंटाहरू (साइज २४ से.मी. लम्वाई १७ से.मी. चौडाई) पनि यहाँ राखि- एका छन्। यस्तै प्रस्थरका कलात्मक टुक्राटुक्रीहरू कनक पट्टि वरपर खेत वारीतिर पनि प्रशस्तै पाइन्छन् (फलक ९)। यी सबै प्रस्थरका कलाकृतिहरू ईशाको पन्ध्रौं शताब्दि तिरको जै देखिन्छन्। शंभूनाथमा वैशाख सक्रान्तिको दिन ठूलो मेला लाग्दछ। तसर्थ पुरातत्व विभागको अन्वेषण टोलीलाई प्राप्त सामाग्रीहरूको आ- धारमा सप्तरीको चन्द्रभागा भगवती र कान्छाखोरीयाको भग्नावशेषहरू ईशाको पन्ध्रौं शताब्दिको अन्त्यतिर वा ईशाको सोह्रौं शताब्दिको शुरूमा निर्माण भएको प्राचीन गढी, प्रासाद र मन्दिर हुनुपर्छ।

---


१७ मातृका प्रसाद कोइराला, नं. ६ पेज १७-१८

१८ सप्तरीमा रूपनी बजार र रूपनगर अझै छँदैछ।

१९ वि. सं. २०३४ साल पौषमा प्र.अ.अ. श्री साफल्य अमात्यको नेतृत्वमा खटेको उक्त टोलीमा सम्पादक श्री शङ्करमान राजवंशी तथा माइक्रो फिलमिष्ट श्री विजयशङ्कर श्रेष्ठ पनि हुनुहुन्थ्यो।



फलक १



फलक २



फलक ३




फलक ४




फलक ४



फलक ५



फलक ८



फलक ७



फलक ९